# ९

# निष्ठावान भएर अडिग रहनु
# रिजपाह्

*यस अध्यायको निम्ति पढ्नुहोस्:* व्यवस्था ३०:१९, २ सामूयल ३:६-११, २ सामूयल २१:१-९, मर्कूस १३:१३।

*स्मरण गर्नुपर्ने पद:* "आफ्ना पखेटाहरू फैलाएर परमेश्वरले तिमीलाई छोप्नुहुनेछ। उहाँका पखेटाका प्वाँखहरूको बिचमा तिमीले सुरक्षा पाउनेछौ। तिम्रो निम्ति परमेश्वर ढाल अथवा धरहरा भएर तिमीलाई सुरक्षित राख्नुहुनेछ।" (भजन ९१:४ रूपान्तरित)।

बाहिर रहेर पनि भित्र प्रभावशाली भाग खेल्ने पात्रहरूमा रिजपाहको कथालाई रोचक मान्नुपर्दछ। बाइबलमा रिजपाहको नाउँ दुई पल्ट उल्लेख गरेको छ। दुबै पल्ट उनी दाउदको सुरूको शासनकालमा संलघ्न भएकी थिइन्। हुनसक्छ, बेथशीबासँग दाउदको सम्वन्ध हुनु अगावै उनी दाउदको जीवनमा प्रवेश गरेकी थिइन् (२ सामूयल ११)। २ सामूयल २१-२४मा उल्लेखित घट्नाहरू अध्याय २०को लगत्तै नभएको भनेर प्रायजसो सबै बाइबलका विद्वानहरूले स्विकार गरेको पाउँछौं। बरू क्रमिक रूपमा दाउदको जीवन कहानीमा नसमेतिएका बृतान्तमा २ सामूयल २१-२४ देखा परेको पाउँछौं।

रिजपाहले दाउदको जीवनमा एकदम न्युन भूमिका खेलेकी थिइन्। पहिलाको राजाको जीवनमा उनी ल्याइते रानी थिई। ल्याइते भएकोले उनको भूमिका दरवारमा सिमितै थियो। उनको भविष्य अन्धकार र निराशजनक देखिन्थे। उनको दुवै छोराहरूको मृत्यु भइसकेको थियो। उनको देहान्त भइसकेको श्रीमानसाथै प्रायजसो सबै परिवारहरूको मृत्यु भईसकेको थियो। तर रिजपाहले पुर्पुरोमा हात राखेर आफ्नो दुर्भाग्यको निम्ति शोक गरेर जीवनलाई खेर फाल्न चाहिनन्। उनको यस सकारात्मक मनस्थितिले गर्दा दाउदको इतिहासमा दुई प्रमूख भूमिका खेल्ने अवसर पाएकी थिइ। राष्ट् निर्माण र राजाको हितको निम्ति उनी उपयोगी सिद्ध भएकी हामी देख्छौं। रिजपाहबाट हामी सबैले अत्यन्त महत्वपूर्ण पाठ सिक्नसक्छौं। उनको

निष्ठावानलाई अनुकूल वा प्रतिकूल घट्ना वा परिस्थितिले नियन्त्रण नगरेको हामी पाउँछौं। जुनसुकै मूल्य चुकाउनु परेतापनि निष्ठावान वा आस्थावान हुनु भनेको जे ठिक छ, जे न्यायोचित छ त्यसमा अडिग रहनु हो।

## १. राजाको ल्याइते रानीहरू (२ सामूयल ३:६-११)

विवाह गरेकी श्रीमती बाहेक अरू स्त्रीहरूलाई कुनै पुरुषले भित्राउँछ भने तिनीहरूलाई ल्याइते, रखौटी वा उपपत्नी भनेर कहलाईन्छन्। पुरानो करारको इतिहासमा यो प्रचलित संस्कार थियो। बाइबलले यसबारे धेरै पल्ट उल्लेख गरेको छ। हेर्नुहोस्ः उत्पत्ति २५:५,६, न्यायकर्ता ८:३०, ३१, २ सामूयल ५:१३-१६, १ राजा ११:२,३)। यी र अरू उदाहरणबाट ल्याइतेहरूको बारेमा हामी के सिक्नसक्छौं?

प्रायजसो रखौटीहरू परिवारको महिला दासी वा नोकर्नीहरू हुन्थे। विवाहित श्रीमतीको निम्ति छोरा पाइदिने प्रायजसो ती रखौटीहरूको काम हुन्थ्यो। जब तिनीहरूले छोरा पाउँथे तब समाजमा र परिवारमा तिनीहरूलाई ब्याइते श्रीमतीहरू सरह मान र अधिकार हुन्थ्यो। एकजना व्यक्ति रखौटीको श्रीमान भनेर कहलाइएको छ (न्यायकर्ता २०:४)। अनि तिनीहरूका सन्तानहरूलाई परिवारिक वंशावलीमा लेखिएको थियो (उत्पत्ति २२:२४)। अनि ती सन्तानहरूले अंश पाउँन्थे (उत्पत्ति २५:५,६)। प्रायजसो अब्राहम, इसाहाक र याकूबका पालामा रखौटीहरूको बारेमा उल्लेख गरिएकोबाट रोचक मान्नु नै पर्छ। प्रारम्भिक राजाहरूका जीवनकालमा (सावल, दाउद र सोलोमन) रखौटीहरूको सम्बन्ध प्रायजसो दरवारसँग मात्र रहेको पाउँछौं।

२ सामूयल ३:६-११ पढ्नुहोस्। रिजपाह र उनको परिस्थितिबारे ती पदहरूले हामीलाई के बताउँछन् र त्यसबाट हामीले के पाठ सिक्नसक्छौं?

रिजपाहको अर्थ बलिरहेको अँगार हो। भविष्यवक्ता यशैयाले यही शव्द प्रयोग गरेको पाउँछौं। उनी राजकिय घराना ईशबोशेथको सदस्य

थिई। ईशोशेथको अर्थ "लाजै लाग्ने पुरूष" हो। जब दाउद यहूदाका राजा भए त्यसबेला सावलका छोरा ईशबोशेथमात्र बाँचिरहेका थिए। अबनेरको सहायताले ईशबोशेथलाई इस्रायलको राजा घोषित गरिएको थियो। अनि जोर्दन नदिको पारिपट्टी महानएम भन्ने शहरमा ईशबोशेथलाई राखिएको थियो (२ सामूयल २:८-१०)। अहियाकी पुत्री भनेर रिजाहको पितालाई उल्लेख गरेर यस कथाका लेखबले उनको पिताकोबारेमा उल्लेख गरिएकोले उनी दास परिवारकी होइनन् तर सम्माननिय परिवारका घरानाकी छोरी भनेर हामीलाई भन्न खोजेको पाउँछौं। सावलको वंशावलीमा ईशबोशेथलाई अर्कै नाउँले सम्वोधन गरेको पाउँछौं। त्यो हो ईशबाल अर्थात् बालका मानिस (१ इतिहास ८:३३)। यसरी लेखेर बाइबलका लेखकले उसलाई बालका मानिस भनेर सम्वोधन गर्दा उसलाई अपमान गरेको आभास पाइन्छ।

रिजपाहको परिस्थिति अत्यन्त खतरापूर्ण भएको हामी पाउँछौं। उनी सावलका घरानाको थिइन्। सावलका हस्ती सेनापती अबनेरले सावलका कमजोर छोरा ईशबोशेथलाई राजा बनाएर उसलाई सघाइहरेका थिए। सावलको केवल रखौटी भएको कारणले उनी सुरक्षित थिइनन् न त कसैले उनको सुरक्षाको जिम्मा लिन तयार थिए। उनको भविष्य उनको हातभन्दा पूर्ण रूपले बाहिरिएको देखिन्छ। यस्तो घट्नाले उनलाई नियन्त्रण गरेको थियो कि त्यो उनको शक्ति वा नियन्त्रण भन्दा बाहिरको थियो।

यदि कुनै मानिसले स्त्रीलाई कुदृष्टीले हेर्‍यो भने उसको हृदयमा त्यस स्त्रीलाई बलात्कार गरिएको हुन्छ भनेर येशूले भन्नुभएको छ (मत्ती ५:२८)। तर पुरानो करारमा परमेश्वरका धेरै जनहरूका रखौटीहरू थिए। यस कुरालाई मध्य नजरमा राख्दा येशूको भनाईलाई कसरी अर्थ लगाउने? याद गर्नुहोस्, जब तपाईंले यस प्रश्नको बारेमा सोच्नुहुन्छ, तब यो ख्याल गर्नुहोस् कुनै कुरा बाइबलमा नै लेखिएको छ भन्दैमा त्यसलाई परमेश्वरले अनुमोदन गर्नुहुन्छ भन्ने छैन न त त्यहि अनुसार जीवनशैली अपनाउन हाम्रो हित हुन्छ भन्ने देखाउँछ।

## २. बाइबलमा रिजपाहको नाउँ उल्लेख गर्छन् (२ सामूयल १६:२१,२२)

दाउद र सावलका घरानाहरूको बिचमा गृहयुद्ध भइरहेको बेलामा ईशबोशेथको स्थिति ठिक भएको थिएन (२ सामूयल ३:१)। ईशबोशेथको दरवारको परिस्थिति कहालीलाग्दो भइरहेको थियो। हेब्रोन शहरमा दाउद बसोबास गरिरहेको बेलामा उनका कति छोराहरू जन्मे भनेर उनीहरूको शूची बाइबलले उल्लेख गरिएको छ (२ सामूयल ३:२-५)। दाउद कतिका बलियो छ भनेर देखाउन छोराहरूका नाम प्रस्तुत गरेको पाउँछौं। छोराहरूको अर्थ भविष्यका कर्णधार र सुरक्षा हुन्।

अब हामीले २ सामूयल ३:७-१०मा ईशबोशेथ अर्थात् लाज लाग्ने व्यक्तिले आफ्नो सेनापती अबनेरलाई आफ्ना बाबु सावलका रखौटीहरूसँग सुतेको भनेर दोषलगाउँछन्। यस दोषप्रति अबेनेर क्रुद्ध भएकोले गर्दा त्यो कत्तिको गम्भिर अपराध थियो भनेर देखाउँछ।

२ सामूयल १६:२१,२२, २ सामूयल २०:३, र १ राजा २:२१,२२ पढ्नुहोस्। पुरानो करारको समयमा कुनै शक्तिशाली मानिसका श्रीमती वा रखौटीसँग सुत्नुभनेको के रहेछ भनेर माथीका पदहरू पढेर समिक्षा गर्नुहोस्।

यस कथामा रिजपाहको कुनै उल्लेखनिय भूमीका रहेको थिएन। बरू अबनेर र ईशबोशेथमा कथा केन्द्रित भएको पाउँछौं। रिजपाह केवल रखौटीमात्र थिइन्। ती दुईजना मानिसहरूको बिचमा भइरहेको शक्तिसँघर्षमा  उनी केवल अर्को निहुँमात्र बनेकी थिइन्। राजगद्दी खोस्न वा आफ्नो बाहुबल देखाउन अबनेरले रिजपाहसँग सुते की सुतेन भनेर बाइबलले स्पष्ट रूपमा भनेको छैन। तर यो अबनेरमाथि परेको अभियोगले गर्दा सहन नसकेर दाउदसँग मिल्न जाँदा उनीमाथि लगाएको अभियोग महननैम राज दरवारमा फैलिएका केवल हल्ला मात्र थियो भनेर पुष्टी गरेकोपाउँछौं। यदि अबनेर इस्रायलका राजा नै हुनुपरेको छ भने परमेश्वरले अभिषेक गरेका दाउदको फौजमा किन जानुपर्‍यो त?

आफूमाथि गलत आरोप लगाएको झोंकमा इशिबोशेथलाई धम्कि दिँदै अबनेर दाउदको फौजमा सामेल हुन जान्छ (२ कोरन्थी

३:९,१०, १२)। सावलको घरानाका अत्यन्त बफादारी मानिसले त्यस घरानालाई त्यागेर दाउदतिर  बफादारी हुन सपथ ख्वाउन पठाउनु भनेको इशिबोशेथको मूर्खतापूर्ण काम थियो। यसले गर्दा सावलको घर पतनमा गइरहेको थियो भनेर स्पष्ट पार्दछ। जब अबनेरले इशिबोशेथलाई त्याग्छ सावलको घरानाको राज्यको तुरन्तै पतन हुन्छ (२ सामूयल ४)। तर यो परिवर्तनको मूख्य कारण रिजपाह भने पनि हुन्छ।यस कथामा रिजपाह सक्रिय भएको देखिन्दैन तर जे भयो त्यसमा उसको भूमिका प्रमूख थियो।

यदि इशिबोशेथको आरोपले गर्दा अबनेर नरिसाएको भए, सावल र दाउदको बिचको लडाँई लम्बिने थियो। रिजपाहलाई पछि के भयो हामीलाई थाहा छैन। उनको बारेमा हामीले २ सामूयल २१:१-१४मा मात्र फेरि पढ्छौं। यस विवरणमा रिजपाहले सानो भूमिका खेलेको देखाउँछ, तर बिद्रोही जाती र परिवारलाई एकै ठाउँमा राख्न उसको देन ठूलो भएको देखिन्छ।

हो, हामी पनि यस्तो परिस्थितिको भूमरीमा पर्छौं जुन हाम्रो नियन्त्रण भन्दा बाहिरको हुन्छ। तर हामीले केहि न केहिलाई आफ्नो बसमा राख्नसक्छौं, त्यो के हो? अन्तमा हाम्रै हातमा वा आत्मनिर्णयमा रहेको त्यो अधिकार किन अत्यन्त महत्वपूर्ण छ त? व्यवस्था ३०:१९, मर्कूस १३:१३ पढ्नुहोस्।

## ३.आँखाको बदला आँखा वा दाँतको बदला दाँत वा अरू कुनै सरल जवाफ छ त? (२ सामूयल २१:१-६)।

इस्रायलमा अत्यन्त नराम्रो अनिकाल वा खडेरी हुन्छ। धेरै कालसम्म पानी परेको थिएन भनेर हिब्रू भाषामा बताइएको छ (तिन वर्षसम्म, वर्खै पिछ्छे)। यो असमान्य स्थिति थियो। परमेश्वरले नै पानी वर्षाउनुहुन्छ र उहाँले नै रोक्नुहुन्छ भन्ने मानिसहरूको धारणा थियो। दाउदले परमेश्वरको अनुहारमा हेरेर वर्षाको निम्ति प्रार्थना गरे। परमेश्वरले दाउदलाई के के भनेर जवाफ दिनुभयो सो हामीलाई थाहा छैन, तर उहाँको निर्देशन स्पष्ट थियो, “यो अनिकाल सावल र उनको

घरानाको कारणले हो किनभने तिनीहरूले हत्यामा संलघ्न भएका थिए।" (२ सामूयल २१:१ रूपान्तरित)।

२ सामूयल (शमूयल) २१:१-६ पढ्नुहोस। आफ्ना पूर्खा वा बाबुको दोषले गर्दा सावलका सन्तानले किन दुःख भोग्नु पऱ्यो? के तिनीहरूका दुःख देहायका पदहरूको विपरित असहमतमा भएको छ त? हेर्नुहोस्ः व्यवस्था २४:१६, यर्मियाह ३१:२९,३० र इजकियल १८:१-४।

बाइबलका चिन्तकहरूमा यो विषय अत्यन्त जटिल र बिवादास्पद भएको देख्छौं। यहाँ परमेश्वरको न्याय खोइत? के न्याय भनेको कुनै सामूहिकको लागि वा व्यक्तिगतको लागि हो त? भुखमरीको बहाना बनाएर गद्दीलाई दावी गर्ने बिरोधीहरूलाई दाउदले हटाए भनेर कतिपय बाइबलका बुद्धीजीविहरूले भन्छन्। २ सामूयल २१:१मा परमेश्वरले भन्नुभएको वचनलाई दाउदले आफ्नै फायदको निम्ति उपयोग गरे भनेर कतिपयले तर्क गर्दछन्। तर बाइबलमा यो तर्कलाई समर्थन गर्ने कुनै आधार छैन। तर सावलले गिब्बोनीहरूलाई नरसंहार गरेर सखाप पार्न खोजेको थियो भनेर यस पदले पुष्टी गर्न खोजेको पाउँछौं। गिब्बोनी जातीहरू आमोरीहरूसँग सम्वन्धित थिए। इस्रायलले पालेस्टाइनलाई कब्जा गर्नु अघि आमोरीहरू त्यहाँका बासिन्दा भएका थिए।

२ सामूयल २१:१-६मा बाइबलका अत्यन्त महत्वपूर्ण निति वा सिद्धान्तलाई हाम्रो समक्ष राखेको पाउँछौं। हामीहरूले मूक्ति पाउन हाम्रो आत्मनिर्णयमा भर पर्न सक्छ। तर हाम्रो जीवनशैली र हामीले गरेका निर्णयहरूले हाम्रा वरिपरि रहेका मानिसहरूलाई असर पार्न सक्छ। जब परमेश्वरमा बफादर भएका राजाहरूले येरुशलेममा राज्य गरे तब यहूदाका मानिसहरूले परमेश्वरका व्यवस्थालाई पालन गरेका थिए र त्यस अनुसार चल्न उनीहरूले कोशिष गरेका थिए। तर परमेश्वरलाई विश्वास नगर्ने राजाहरूले गर्दा धेरै पल्ट कतिपय इस्रायलीहरू पतनको बाटोमा लागेका थिए।

हो, गिब्बोनी जातीलाई सावलले नाश गर्न खोजेको थियो भन्ने धारणालाई पुरानो करारका कुनै पनि पदमा स्पष्ट गरि उल्लेख गरिएको

छैन। तर सावलबाट भूमीगत भएका दाउदलाई शरण (१ राजा २१) दिएको हुनाले प्रतिशोधको भावनाले प्रेरित भएको सावलले पूजारी शहर नोबका सम्पूर्ण पूजारी जाती र तिनीहरूका सन्तानहरूलाई हत्या गरिएको (१ सामूयल २२) घट्नाले सावलले गिब्बोनीहरूको पनि हत्या गरिएको थियो भन्ने आभासलाई नकार्न सकिन्दैन। गिब्बोनीहरू बिधर्मी भनेर मारिइएको कारणले अतिबादी यहूदीहरूको निम्ति असल देख्न सकिन्छ होला। गिब्बोनीहरू नै इस्रायलीका बासिन्दा नभइ बिदेशीहरू थिए। तर यहोशूको पालामा इस्रायलीहरूले गिब्बोनीहरूलाई नाश नगर्ने भनेर शान्ति सम्झौताअनुसार प्रतिज्ञा गरिएको थियो (यहोशू ९)। हामीले गरेका प्रतिज्ञाहरूलाई मानुन् भनी परमेश्वर अपेक्षा गर्नुहुन्छ। यहि सन्दर्भमा दाउद र हामीलाई प्रतिज्ञामा अडिग हुनु भनेको के हो भनेर रिजपाहले कसरी सिकाएकी थिइन् भनेर हामी हेर्नेछौं।

सावलका पापहरूका कारणले नै इस्रायलमा किन अनिकाल भयो भन्ने कुरालाई हामीले यथार्थ रूपमा नबुझ्न सकौंला। तर हाम्रा कामहरूका परिणाम वा प्रभाव सधैं हुन्छ भन्ने नितिलाई कहिलै पनि बिर्सनु हुन्न। येशूका भक्त भएको नाताले गलत काम नगर्न हामी सधैं चनाखो हुनुपर्दछ। गलत कामले गलत परिणाम हुन्छ भन्ने भयले गलत काम नगर्ने होइन तर काम आफै गलत भएकोले त्यसलाई कार्यान्वन गर्नुहुन्न भनेर हामीले ठोकुवा गर्नुपर्दछ। तपाईंको नियत कस्तो छः गलत कामले नराम्रो परिणाम हुन्छ भन्ने डर मानेर गलत काम नगर्नु हो कि, गलत काम नगर्ने तपाईंको प्रतिवद्धता हो?

## ४. आदर्श जीवनको एक गुणः विश्वसनीयता (२ सामूयल २१ः१-९)

राजा दाउदको अनुरोधमा गिब्बोनीहरूले मागेको कुरा दिन उनी राजी भए। गिब्बोनीहरूले सावलका घरानाहरूसँग बदला लिन् उनका सन्तानहरूलाई सुम्पिन माग गरेका थिए। राजा सावलका सात जना छोराहरू र उनका नातेदारहरूलाई भेट्टाइएका थिए। यसबेला रिजपाहलाई हामी फेरि भेट्दछौं। सावलका सात जना छोराहरूमा रिजपाहका दुई जना छोराहरू पनि क्षतिपूर्ती अर्थात् मोल तिरेर क्षमा पाउने प्रक्रियाको निम्ति मारिन छानिएका थिए। यस २ सामूयल

२१:३मा हिब्रु शव्द आटोनमेन्टलाई प्रयोग गरिएको पाउँछौं। यस शव्दको अर्थ मोल तिरेर अपराधबाट चोखिनु हो वा क्षमा पाउनु हो।

२ सामूयल २१:१-९ पढ्नुहोस्। ती पदहरूलाई हामीले कसरी बुझ्ने? अर्थात् के बुझ्न सक्छौं र? बाइबलमा धेरै कुराहरू छन् जसलाई हामीले पूर्ण रूपले चित्तोबुझ्दो जवाफ पाउँदैनौं। तिनीहरूमा यो पनि एक हुन्। यसको अर्थ जे भएपनि हामीले परमेश्वरमा नै पूरो भरोसा राख्नुपर्छ भनेर हामीलाई सिकाउन खोजेको त होइन? बाइबलमा अरू कुन अंशहरू छन् जसलाई हामी बुझ्दैनौं न त कसैले पनि बुझाउन सक्छन्, यद्यपि हामीप्रति परमेश्वरका दया र हित सदैव हुन्छ भन्ने प्रतिवद्धतामा अडिग हुनु निश्चित गर्नुपर्छ?

दाउदले आफ्नो मित्र जोनाथानलाई गरिएको प्रतिज्ञालाई सम्झन्छन् (१ सामूयल २०:१२-१७)। यसले गर्दा जोनाथानको छोरा मेफिबोशेथलाई गिब्बोनीहरूको हातमा सुम्पिन्दैनन्। यो कामले बाइबलका एक महत्वपूर्ण बिषयलाई औंल्याउँछः गिब्बोनीहरूसँग इस्रायलले गरिएको सम्झौतालाई सावलले तोडे तर जोनाथानको मृत्यु पछि पनि जोनाथानलाई गरिएको बाचालाई दाउदले सम्मान गर्दछन्।

२ सामूयल २१:९ पढ्नुहोस्। रिजपाहले आफ्ना छोराहरूको हत्या भएको दुर्दशा हेर्नुपर्दा उनलाई के भयो होला? उनले के गर्छिन्?

सामूयलका पुस्तकका लेखक रिजपाहको बाबुको नामलाई उल्लेख गरेर उनले गरेको कामलाई ठूलो सम्मान गरेको हामी पाउँछौं (२ सामूयल ३:७)। उक्त लेखकले दाउदलाई राजा भनेर न त सम्वोधन गर्छ न त उनको बंशको बारमा उल्लेख नै गर्छ। आफ्ना छोराहरू साथै सावलका सातजना सन्तानहरूका लास देख्दा उनको हृदय कस्तो बेदनाले भरियो होला सो कल्पनामात्र गर्न सक्छौं। लासको अगाडि उनले बोराका पाल बनाउँछिन्। लासहरूलाई जन्तु वा गिद्दहरूले नखाउन् भनेर कुहिएको लासहरूका अगाडि खुला आकासमा आफ्नो शिविर बनाउँछिन्। शोक तथा सन्तापले पुरिएका रिजपाहले लास कुर्ने काम केवल एक दुई दिनसम्म मात्र गरिनन् तर वर्षायामको पानी नपरून्जेल हर्सौंसम्म गरिरहिन्। रिजपाह एक समर्पित माता थिइन्। निष्ठा वा प्रतिवद्धताको नियन्त्रणमा सधैं नरहने पुरुखहरूको

बिचमा रिजपाह, निष्ठावानको एक अनुकरणीय उदाहरणको रूपमा सधैं खडा रहनेछन्।

## ५. राष्ट्र निर्माण (२ सामूयल २१:११-१४)

रिजपाहको निष्ठाको बारेमा दाउदको ध्यानाकर्षण हुन्छ। कसैले रिजपाहको बारेमा दाउदलाई सुनाउँदा उनको पूरो पृष्ठभूमी बताइएको थियो भनेर लेखकले उल्लेख गर्छन्। उनी केवल साधारण खालकी आमा थिइनन्। उनी ऐयाहका छोरी र सावलका रखौटी थिइन्। सात लासहरू नजिक रहेको पहाडमा उनी परमेश्वरसँग प्रार्थना गर्दै थिई। उनको यो कामले गर्दा दाउदलाई अत्यन्त महत्वपूर्ण कदम चाल्न प्रोत्साहन गर्दछ। सावल, जोनाथान र सावलका सन्तानहरूलाई उचित तरिकाले गाड्न दाउदले निर्देशन दिन्छन्।

२ सामूयल २१:११-१४ पढ्नुहोस्। रिजपाहको क्रियाकलापबाट दाउद कसरी प्रभावित भए?

इस्रायलाका धेरै छिमेकी देशहरूले मुर्दालाई उचित रूपमा गाड्नुपर्छ भन्ने धारणा थियो। यसो गर्नाले मात्र मरेका मानिसहरू देवताहरूकहाँ पुग्छन् जहाँ तिनीहरूलाई न्याय गरिन्छ। इजिप्तका पिरामिडहरू भयङ्कर ठूला ठूला चिहान थिए। इजिप्त वा मिश्रदेशका मानिसहरूको संस्कारमा मुर्दालाई अनेकन् बिधि अपनाएर गाडिनु पर्छ भन्ने विश्वास थियो। तर त्यसको बिपरित, इस्रायलीहरूले लासलाई गाड्ने विधि सरल थियो। किनभने बाइबलका लेखकहरूलाई थाहा थियो कि मानिस मरेपछि तुरन्तै न त स्वर्ग जान्छ न त नरकमा जान्छ तर मृत्यु भनेको लामो निन्द्रा हो। मानिस मरेपछि उसलाई केहि कुराको पनि याद हुँदैन (उपदेशक ९:५,६)। यद्यपि, मुर्दालाई गाडिनु चलन महत्वपूर्ण थियो। सावल र उसका सन्तानहरूलाई उचित रूपमा गाड्दा जाती जातीहरूका बिचमा भएको लडाँईको अन्त्य भएको र इस्रायल देशको एकिकरणको निम्ति पहिलो कदम चालिएको देखिन्थ्यो।

२ सामूयल २१:१-१४ पढ्नुहोस्। अनिकालको अन्त्य कसरी भयो भनेर ती पदहरूले बताउँछन्?

सावलका सात जना छोरा र नातेदारहरूलाई मारेपछि पनि अनिकालको अन्त्य भएको थिएन। तर जब सावलका कङ्काल, उनका छोरा र नातेदारहरूलाई उचित रूपमा गाडिएपछि मात्र परमेश्वरले इस्रायलीहरूको प्रार्थना परमेश्वरले सुन्न राजी हुनुभयो (पद १४)। एक आपसको सम्वन्धमा अपनाउनु पर्ने न्यायी र धार्मिकताको जीवन कत्तिको महत्वपूर्ण रहेछ भनेर यस कथाले हामीलाई सम्झाउँछ। परमेश्वरले हामीलाई अरूसँग शान्तिपूर्वक जीउन अपेक्षा गर्नुहुन्छ। जतिसुकै प्रतिकूल अवस्थामा पनि अडिक भएर बस्ने रिजपाहको उदाहरण र उनको निष्ठाले गर्दा इस्रायलमा शान्ति, क्षमाशीलता र निष्ठावान ल्याइएको देखिएको छ। अन्त्यमा इस्रायलमा भएको गृहयुद्ध वा जाती जातीहरूको बिचमा भएको संघर्षको अन्त्य भयो। हजारौं वर्ष पछि पनि दाउदको शासनकालमा रिजपाहले निभाएको भूमिका हाम्रो निम्ति अत्यन्त महत्वपूर्ण पाठ भएको हामी पाउँछौं। उनीबाट सिक्नुपर्ने पाठ यो होः कुनै पनि प्रतिकूल परिस्थिति वा घट्नाको आधारमा परमेश्वरका निष्ठावान जन वा उहाँका भक्तहरूले उहाँसँगको सम्वन्ध तोडिदैनन्। तर, आत्मनिर्णयको अधिकार हामीलाई सुम्पिएको छ अर्थात् असल बाटोमा लाग्ने हो कि खराब बाटोमा लाग्ने हो त्यो निर्णय हाम्रै हो। कसैको वा कुनै परिस्थितिको हातमा हामी खेलौना हुने हो कि वा त्यसलाई माथ गरेर उक्लिनु, यो कुनै भाग्यको खेल नभएर हामीले नै चुन्ने काम हो। जसरी रिजपाह जस्ती निष्ठावान भएर बस्दा त्यसको प्रभाव देशमा परेको थियो, त्यसरी नै परमेश्वरले रच्नुभएको विवेकलाई उहाँकै हातमा सुम्पी उहाँले देखाउनुभएको निष्ठामा अडिग रहन्दा जे सुकै होस् भनी हामी पनि ढुक्क हुनु पर्दछ।

कसैको निम्ति नमुना हुँदा त्यसको शक्ति कस्तो हुने रहेछ भनी सोच्नुहोस्। दाउदका शत्रु राजा सावलका रखौटी रिजपाहको क्रियाकलापले दाउदलाई ठूलो प्रभाव पारेको थियो। हामी जे भएतापनि, जहाँ भएतापनि अरूको निम्ति आदर्श व्यक्ति हुँदा कस्तो प्रभाव पारिने रहेछ भनेर यस कथाले हामीलाई कसरी बताउँछ? तपाईंले कसमाथि प्रभाव पारिरहनुभएको छ, सोच्नुहोस्। अहिले भन्दा पनि अझ राम्रो भएर अरूको निम्ति असल प्रभाव पार्न तपाईं कत्तिको सक्षम् बन्नसक्नुहुन्छ?

**उपसंहार,**

थप जानकारीः “प्रभु येशूबाट पाएको सन्देश शान्तिको सुसमाचार हो। सारा संसारमा शान्ति, समन्वयता र सुख चैन फैलाउने अभिभारा इसाई प्रणालीलाई सुम्पिएको छ। तर इसाई भनेर दावी गर्नेहरूले यसलाई आत्मसात् गर्न सक्यो भने मात्र उपरोक्त काम पूरा हुन्छ। येशूको शिक्षा ग्रहण गर्ने सबैले वसुदैव कुतुम्वन भन्ने धारणालाई अघि सार्दै एक आपसमा नजिक हुन सक्नुपर्छ।यो नै येशूको धर्म हो। मानिसलाई परमेश्वरकहाँ र मानिसकहाँ नजिक पुऱ्याउने काम येशूको उद्देष्य थियो।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी* (अर्थात् येशू र सैतानको बिचमा भएको महान् बिवाद), पृ. ४७बाट रूपान्तरित।

“बाइबल पढ्नु र बाइबल सिकाउनु एउटा कुरो हो। तर त्यसलाई व्यबाहारिकतामा उतारेर त्यसका जीवन-दिने र आत्म-ज्ञान बढाउने नितिहरूलाई आत्मगत गर्नु अर्कै कुरो हो। संसारलाई आफूमा ल्याउन येशूमा परमेश्वर पिता रहनुभएकोछ। एक आपसमा दया र प्रेम नदेखाइ वा एक आपसको आवश्यतामा संवेदनशील नभई अलगिएर बस्ने इसाई भनेर दावी गर्ने कुनै पनि व्यक्तिले परमेश्वरमा सत्य रूपमा समर्पित जीवन बिताएको हो भनेर देखाउँदैनन्। तिनीहरूकै हृदयमा परमेश्वरको प्रेम छैन भने अरूलाई कसरी दिन सक्छ र?"-एलेन जी ह्वाइट, *द रिभ्यु एण्ड हेराल्ड,* मार्च १७, १९१०बाट रूपान्तरित।

**चिन्तनमननः**

१. परमेश्वरलाई व्यक्तिगत रूपमा नचिन्ने मानिसहरूलाई तपाईं उहाँको निष्ठावान व्यक्ति हुनुहुन्छ भनेर कसरी देखाउने? चर्चापरिचर्चा गर्नुहोस्।

२. बफादारी, विश्वासको पात्र वा निष्ठावान हुनु भनेको के हो? बाइबल कै पात्रहरूबाट यस प्रश्नको जवाफ खोज्नुहोस्।

३. प्रतिकूल परिस्थितिमा पर्दा कतिपटक हामी निरीह वा असहाय भएर निर्णयको वन्धीमा हामी पर्छौं। जे

परिस्थितिमा पनि परमेश्वरमाथिको विश्वासमा अडिग हुने रिजापाहको कथाबाट हामी के सिक्छौं?

४. परमेश्वरका जनहरू भएर पनि धेरै रखौटीहरू राख्ने? यसले गर्दा हुर्केका सन्तानले उनीहरूका पिताका पापले गर्दा कस्तो दुःख सहनु पर्‍यो? यी कथाहरूले आधुनिक पाठकहरूका सामु धेरै नाजवाफ प्रश्नहरू खडा भएका छन्। हो, बाइबलका विद्यार्थी भएका नाताले धेरै नाजवाफ प्रश्नहरू हरदम तेर्सिरहेको पाउँछौं। यसको अर्थ यो पनि हो कि विश्वासद्वारा जीउनु भनेको प्रश्नका जवाफ नभएपनि परमेश्वरमा निष्ठावान भएर बस्नु हो। यदि सबै कुराको जवाफ पाइयो भने विश्वासको आवश्यकता किन हुन्छ त? के तपाईंका जीवनमा नाजवाफ प्रश्नहरूको बाबजूद पनि तपाईं जीउन सिक्नुपर्छ भने अनुभव गर्नुभएको छ? तपाईंकै जीवनको अनुभवलाई अगाडि सार्दै नाजवाफ प्रश्नसँग संघर्ष गरिरहने मानिसहरूलाई तपाईं कसरी सहायता गर्नुहुन्छ?

५. आदर्श जीवन वा नमुना जीवन कत्तिको प्रभावशाली उदाहरण हुनसक्छ? तपाईंको संकृती, देशको इतिहास र समाजमा प्रभावशाली उदाहरणहरू को को छ? तपाईंको आफ्नै जीवनशैलीको नमुना कस्तो छ? तपाईंका वरिपरि रहेका र तपाईंलाई हेरिरहेका मानिसहरूका निम्ति तपाईं कस्तो नमुना बन्नुभएको छ? चर्च वा सार्वजनिक स्थलमा र घरमा अपनाउने तपाईंको उदारणको चरित्रमा केहि फरक छ त? सार्वजनिक रूपमा तपाईंको चरित्र धरोहरको रूपमा छ तर तिनीहरूले तपाईंको असल चरित्र घरमा देख्यो भने के तिनीहरू वाक्क होला र?